Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95040
Research Article
ISSN: 3021-9035 Print

# महिला सशक्तीकरणमा पुस्तान्तरणको प्रभाव

✍एलिसा पौडेल
Alishap496@gmail.com


## लेखसार

प्रस्तुत लेखमा महिला सशक्तीकरणलाई बहुआयामिक तरिकाले तीन पुस्ता हजुरआमा, आमा र नातिनी (पहिलो, दोस्रो र तेस्रो पुस्ता) मा अध्ययन गरिएको छ। अन्तर्वार्ताका माध्यमबाट महिलाको आर्थिक, शैक्षिक र निर्णय क्षमताको आधारमा सशक्तीकरणको अवस्थाको प्राथमिक तथ्याङ्क सङ्कलन गरी नायला कबिरको सशक्तीकरण नाप्ने तिनोटा आयाम संसाधन, स्वायक्तता, उपलब्धिमा आधारित भएर अन्तरपुस्तागत विश्लेषण गरिएको छ। अध्ययनले खुलारूपले पहिलो पुस्ताबाट तेस्रो पुस्तामा पुग्दा महिला सशक्तीकरणको प्रगतिलाई देखाएको छ। अशिक्षित पहिलो पुस्ता, साक्षर र औपचारिक अध्ययन पाएको दोस्रो पुस्ता तथा उच्च अध्ययन गरिरहेका तेस्रो पुस्ताको तथ्याङ्क हेर्दा शिक्षाले महिलाको आर्थिक अवस्था सुधार गर्न र निर्णय प्रक्रियामा समेत प्रभाव पार्नसक्ने अवस्थाको सिर्जना गरेको छ। शिक्षाकै माध्यमबाट महिलाहरू सशक्तीकरण अभियानमा प्रगति गरिरहेका छन्। आर्थिक अवस्थामा सुधार आउँदैमा निर्णय प्रक्रियामा स्वतन्त्र हुन नसकिने, तर शिक्षित महिलाले आत्मनिर्णयको अधिकार लिन सक्ने/चाहने तथ्य पनि अध्ययनले देखाएको छ। तीन पुस्ताका महिलाहरूको बिचमा सशक्तीकरण प्रभाव सकारात्मक देखिए पनि समाजको संरचनात्मक सुधार हुन नसक्दा, स्रोतसाधनको पहुँचमा असमानता छ जसले पुरुषको तुलनामा अझै पनि महिलाहरू पछाडी परिरहेका छन्। यो तथ्यलाई स्वीकार गर्दै समाजको संरचनात्मक परिवर्तन गरी समानतापूर्ण समाज निर्माणमा अग्रसर हुनुपर्छ। महिला सशक्तीकरण समानता उन्मुख समाजको महत्त्वपूर्ण कदम हो।



## शब्दकुञ्जी

आत्मनिर्णय, उपलब्धि, संसाधन, सशक्तीकरण, स्वायत्तता


## विषय प्रवेश

महिलाको सवाल आउँदा सशक्तीकरणको कुरा सशक्त रूपमा सधैँ उठ्ने गर्छ। विश्वव्यापी रूपमा सन् १९९० को दशकदेखि सशक्तीकरण शब्द प्रचलनमा आए पनि हरेक महिला आन्दोलनको केन्द्रीय ध्येय महिलाहरूलाई सशक्त बनाउनु रहेको देखिन्छ। ऐतिहासिक रूपमा हेर्दा सन् १९५६ मा अमेरिकाको कपडा कारखानामा काम गर्ने महिलाहरूले पहिलो पटक समान ज्याला, कामको समय घटाउनुपर्ने र महिलामाथि हुने उत्पीडनको अन्त्य गरिनुपर्ने मागसहित न्युयोर्कमा आन्दोलन गरेका थिए। यस आन्दोलनलाई नै महिलाहरूको प्रथम सङ्गठित आन्दोलन मानिन्छ। त्यसपछि संसारका धेरै कुनामा हजारौँ महिला आन्दोलन भएका छन्, जसले महिलाको समानता, स्वतन्त्रता र हकहितको वकालत गर्छन्। नेपालको सन्दर्भमा हेर्दा राणाकालमै महिला आन्दोलनको सुरुवात भएको देखिन्छ। वि.सं १९७४ मा योगमाया र दिव्या कोइरालाले नारी जागृति सङ्घ स्थापना गरी महिलाहरूमा चेतना जागृत गराउने प्रयास गरेका थिए। वि.सं १९९३ मा चन्द्रकान्ता मल्लले महिलाहरूले पढ्न पाउनुपर्छ भनेर शिक्षामा महिला

✍लेखक मेची बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ।

अधिकारको माग गर्नुभयो । त्यसै समयमा कामाक्षादेवी र दिलहरी श्रेष्ठले बनेपामा महिलाहरूलाई पढाउन सुरु गर्नुभयो । त्यस्तै वि सं २००३ मा विराटनगरमा श्रमिक महिलाहरूले समान ज्याला, बराबर अधिकार, सुत्केरीलाई विशेष सुविधा दिनुपर्ने, शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको ग्यारेन्टी हुनुपर्ने माग राखी आन्दोलन चर्काएका थिए। वि. सं २००४ मा नेपाल महिला सङ्घ स्थापना भयो । नेपाली महिलाहरूले २००४ सालमै भोट हाल्न पाउने र चुनावमा उम्मेदवार बन्न पाउने अधिकार पाएका थिए। हाल राज्यका सबै संरचनामा महिलाको ३३% सहभागिता सुनिश्चित गरिएको छ (ओझा, २०१०, पृ. २०५–२०६) ।

लामो समयको महिला आन्दोलनपछि सन् १९९० को दशकबाट महिलाहरूको अवस्था सुधार्ने र समानतामा अग्रसर गराउने उपायको रूपमा महिला सशक्तीकरण शब्दको उदय भएको देखिन्छ। महिला अधिकारलाई मानव अधिकारको रूपमा व्याख्या गर्दै सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो महिला सम्मेलनले महिला सशक्तीकरणलाई प्रमुख स्थान दिएको थियो। सो सम्मेलनले महिला सशक्तीकरण र महिलाको उन्नतिमा विचार, विवेक, धर्म र विश्वासको स्वतन्त्रताको अधिकार छ भन्दै यो स्वतन्त्रताले महिला र पुरुषहरूको आध्यात्मिक, बौद्धिक र नैतिक आवश्यकताहरू पूरा गर्ने, व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो क्षमता अनुरूप जीवनलाई आकार दिने सम्भावना रहने कुरा प्रस्तुत गरेको थियो। विकास र शान्ति प्राप्तिका लागि आधारभूत आवश्यकताका रूपमा महिला सशक्तीकरण र समाजका सबै क्षेत्रमा समानताको आधारमा महिलाको पूर्ण सहभागिता र शक्तिमा पहुँच हुनुपर्छ भनेर यो सम्मेलनमा घोषणा गरिएको थियो ( संयुक्त राष्ट्रसङ्घ, १९९५) । सशक्तीकरण भन्नाले कुनै पनि व्यक्ति जो दबिएको छ, जसमाथि प्रभुत्व कायम र ाखिएको छ तथा जो आफ्नो अवस्थाबाट निराश छ, त्यस्ता व्यक्तिलाई स्वयम्को निर्णय गर्न सक्ने बनाएर समाजमा समानता र सम्मानपूर्वक बाँच्न सक्ने बनाउनु हो ( मैती, २०१६, पृ. १) । महिला सशक्तीकरण भन्नाले महिलाहरूलाई समान अवसर प्रदान गर्दै उनीहरूलाई स्वतन्त्र र स्वाबलम्बी बनाउने अभियान हो। विकासलाई स्वतन्त्रतामा दाँजेर हेर्ने अमात्य सेन सशक्तीकरणलाई क्षमता अभिवृद्धि र स्वतन्त्रताको विस्तारसँग जोडेर हेर्छन् ( सेन, १९९९, पृ.१८९)। महिला सशक्तीकरण कुनै एउटा क्षेत्रको मात्र कुरा हैन। यो शिक्षा, रोजगारी,राजनीतिक सहभागिता, स्वास्थ्य लगायतका धेरै प्रमुख क्षेत्रहरूमा हासिल गर्न सकिन्छ ( रेसी र सुधा, २०२२, पृ. १३५४) । तर नेपाली महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक, जातीय, लैङ्गिक आदि विभेदबाट गुज्रिरहेका छन्। यी प्रताडना र विभेदको चक्रव्युहबाट महिलालाई मुक्त गर्नु नै महिला सशक्तीकरण हो ।

महिला सशक्तीकरणले लैङ्गिक न्याय र लैङ्गिक समानताको आवाज जोडदार रूपमा उठाउँछ। यो बाटोमा नेपालले लैङ्गिक समानतासम्बन्धी कानुन बनाएरै अग्रसर भइरहेको छ । पञ्चायत कालमै महिलाको हकहितका लागि केही यस्ता कानुनहरू निर्माण भएका थिए जसमा ३५ वर्ष पुगेकी कन्या छोरीले अंश पाउने, बिहे भएको १५ वर्ष अथवा ३५ वर्ष पुगेकी सधवा अथवा ३० वर्ष पुगेकी विधवा महिलाले अंश पाउने, सम्बन्धविच्छेदका लागि महिलाले जिल्ला अदालतमा उजुरी दिन पाउने तथा दुवैको मन्जुरी भएमा सम्बन्धविच्छेद गर्न पाउने, घरपरिवार तथा लोग्नेले खानलाउन नदिई कुटपिट गरी लेखेटेमा अंशको दाबी गर्न पाउने उदारवादी कानुनहरू पारित भएको थियो ( कार्की, २०८१ पृ. २५१) । हाल लैङ्गिक न्यायसम्बन्धी कानुनमा धेरै संशोधन भएको छ। यसले समानताको हक अन्तर्गत पैतृक सम्पत्तिमा छोराछोरीको समान हक लाग्ने व्यवस्था गरेको छ। साथै मुलुकी अपराध संहिता २०७४ अन्तर्गत लैङ्गिक समानतासम्बन्धी व्यवस्था गरेको छ। यो व्यवस्थाअन्तर्गत महिलाको रजस्वला अथवा सुत्केरी अवस्थामा राख्न तथा अन्य कुनै पनि प्रकारको छुवाछुत, भेदभाव र अमानवीय व्यवहार गर्न नपाइने व्यवस्था गरेको छ । गर्भपतन गर्न पाउने, जबर्जस्ती करणी गर्न नहुने र गरेमा कानुनसम्मत सजायको व्यवस्था रहेको छ । यौन दुर्व्यवहार तथा तेजाव वा अन्य रसायनिक पदार्थ प्रयोग गरी कुरूप पार्न नहुने र सो कार्य गरेमा अपराधको प्रकृति

हेरी पाँचदेखि आठवर्षसम्मको जेल सजाय र पचास हजारदेखी पाँच लाखसम्मको जरिवानाको व्यवस्था छ (कार्की, २०८१ पृ २६०-२६१)।

लैङ्गिक न्यायको सुनिश्चितता र लैङ्गिक अपराधमा कठोर सजायको व्यवस्था गरिए पनि नेपालमा महिलामाथि हुने हिंसामा कमी आएको छैन। दाइजो प्रथाले बुहारीहरू पोलिइरहेकै छन्, महिनावारीमा छाउपडी गोठमा बस्नुपर्ने स्थिति अझै छ, घरेलु हिंसाबाट प्रताडित महिलाहरू त्यसबाट बाहिर निस्किन सकिरहेका छैनन् , यौनजन्य हिंसा र बलात्कारको सिकार भएका बालिका तथा महिलाहरूको यकिन तथ्याङ्क कसैसँग छैन। हिंसाका धेरै स्वरूपहरू घर भित्रै दबाउने कार्य गरिन्छ जसले महिलाहरू सधैँ प्रताडना सहेरै बाँच्नुपर्ने स्थितिमा छन्। नेपाल प्रहरीको तथ्याङ्कले सन् २०१५ देखि सन् २०२० सम्ममा नेपालना ८००० भन्दा बढी बलात्कार र ३१०० भन्दा बढी बलात्कार प्रयासको घटना भएको देखाउँछ (कार्की, २०८१ पृ. २८४)।

२०८१/८२ को प्रहरी तथ्याङ्कअनुसार कुल अपराधको २९% अपराध लैङ्गिक हिंसासम्बन्धी रहेको छ। यो वर्ष यौनजन्य हिंसाका ३१७८ मुद्दा दायर र उजुरी दर्ता भएकोमा ९१.९९% यौनजन्य हिंसामा संलग्न अभियुक्त चिनजानका व्यक्ति थिए। ६९० जना ११ देखि १४ वर्ष उमेर समूहका बालिकाहरू यौनजन्य हिंसाका सिकार भएको तथ्याङ्कले देखाउँछ। बालविवाहको ६१ ओटा मुद्दा दर्ता भएको थियो भने दाइजोसम्बन्धी १० ओटा, दाइजोकै कारण २ ओटा कर्तव्य ज्यानमुद्दा परेको छ। नेपाल प्रहरीमा घरेलु हिंसाको कुल १७४९६ ओटा उजुरी दर्ता भएका छन् (नेपाल प्रहरी तथ्याङ्क २०८१-२०८२)।

यसैले वर्तमान समयमा महिला सशक्तीकरणको आवश्यकता झनै बढेको छ। महिला सशक्तीकरण भन्नाले समाजमा उपलब्ध हरेक स्रोतसाधनको महिलाहरूको समान पहुँच स्थापना गरी शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा समान सहभागीता जनाउँदै, आफूलाई घरपरिवार, समाज तथा राष्ट्रमै समान, सुरक्षित र स्वतन्त्र तरिकाले उभ्याउन सक्ने बाटो निर्माणको प्रक्रिया हो। महिलाहरूको आवाजलाई सुन्ने, उनीहरूको मागको सम्बोधन गर्दै, नीतिनिर्माण कार्यमा सहभागी गराई, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति दिलाउने प्रक्रिया नै महिला सशक्तीकरण हो। लैङ्गिक, सामाजिक, संरचनात्मक विभेद हटाएर व्यक्तिगत जीवनमा समेत आत्मनिर्णय गर्न सक्ने बनाउने र अन्ततः पीतृसत्तालाई तोडेर सबै लिङ्गका मानिसका लागि समानता र स्वतन्त्रतापूर्वक बाँच्न पाउने समाज निर्माणको आधारशिलाको रूपमा महिला सशक्तीकरणलाई लिन सकिन्छ। फरक उमेर समूहका महिलाहरूले भोगेका भोगाई, बाँचेको जीवन, उनीहरूको आर्थिक, सामाजिक हैसियत, चेतनाको स्तर आदि उमेर समूहअनुसार फरक छन्। महिला सशक्तीकरणमा पुस्तान्तरणको अनुभव कस्तो छ, प्रभाव कस्तो छ भन्ने कुराको अध्ययन नगरी सशक्तीकरणको अभियान र अध्ययन पूर्ण हुन सक्दैन। यसर्थ पुस्तागत हिसाबले नेपालमा महिला सशक्तीकरणको अवस्था हेर्नका लागि यो अनुसन्धान गरिएको हो। यस अनुसन्धानले महिला सशक्तीकरणको आर्थिक, शैक्षिक पाटो केलाउँदै यसले तीन पुस्ताका ( हजुरआमा, आमा र छोरी पुस्ता) महिलाको निर्णय क्षमतामा पार्ने प्रभावलाई विश्लेषण गर्ने उदेश्य बोकेको छ।

## *अध्ययन विधि*

प्रस्तुत अध्ययन महिला सशक्तीकरणसँग सम्बन्धित रहेकाले गुणात्मक अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ। अन्तर्वार्ताको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको हो। मानिसहरूले आफ्ना अनुभवलाई कसरी वर्णन गर्छन् र उनीहरूले आफ्नो संसारको अर्थ लगाउने र व्याख्या गर्ने कार्यलाई गुणात्मक अनुसन्धानले हेर्ने हुँदा (होलोवे, १९९७, पृ.२३) यो अनुसन्धानका लागि गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको हो। उदेश्यपूर्ण नमुना छनौट विधिको प्रयोग गरी झापा जिल्ला भद्रपुर नगरपालिकाका पन्ध्र जना महिलाहरूसँग अन्तर्वाता गरेर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको हो। एउटै परिवारका हजुरआमा, आमा र नातिनी पुस्तासँग अनुसन्धानकर्ता स्वयम्ले अन्तर्वाता लिएर तथ्याङ्क सङ्कलन गरिएको थियो। यस अध्ययनमा अन्तर्पुस्तागत महिला सशक्तीकरणमा देखिएको परिवर्तन

हेर्न तुलनात्मक विश्लेषण विधि अपनाइएको छ। त्यस्तै नैला कबिरको फ्रेमवर्क विश्लेषण प्रयोग गरी सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गरिएको छ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखमा अनुसन्धानको विश्लेषणको मुख्य सैद्धान्तिक आधार 'नायला कबिरको फ्रेमवर्क विश्लेषण' रहेको छ । सशक्तीकरणले परिवर्तनको प्रक्रियालाई बुझाउने जिकिर गर्दै महिला सशक्तीकरणको अवस्था आँकलन गर्न कबिरले सशक्तीकरणको तिनोटा ढाँचा प्रस्तुत गरेकी छन्।

## *Resources (संसाधन)→ Agency (स्वायत्तता)→ Achievements (उपलब्धि)*

संसाधन भन्नाले आर्थिक, सामाजिक, मानवीय स्रोत आदिलाई बुझाउँछ । व्यक्तिले आफ्नो जीवन चलाउन आवश्यक सबै आधारहरू यो स्रोतअन्तर्गत आउँछन्। त्यस्तै स्वायत्ततामा उनी व्यक्तिको स्वनिर्णयको क्षमता राख्छिन् , जसले व्यक्ति कति सशक्त छ भन्ने कुराको जनाउ दिन्छ। मान्छेले आफूले प्राप्त स्रोत साधनको प्रयोग गरेर, आफ्नो निर्णय आफैँ गरेर के उपलब्धि हासिल गर्यो भन्ने कुराले मुख्यतः सशक्तीकरणको अवस्थालाई बुझाउँछ ( कबीर, १९९९)। यसै तिनोटा ढाँचामा आधारित भएर यो लेखलाई विश्लेषण गरिएको छ।

## उत्तरदाताको विवरण

प्रस्तुत अनुसन्धानले महिला सशक्तीकरणमा पुस्तान्तरको भुमिका हेर्ने भएकाले, यसको लागि एउटै घरका तीन पुस्ताका महिलालाई समेटेको थियो। परिवारको ज्येष्ठ महिला पहिलो पुस्ता, त्यही परिवारको बुहारीलाई दोस्रो पुस्ता र दोस्रो पुस्ताबाट जन्मिएको छोरीलाई तेस्रो पुस्ता मानेर यस अध्ययनमा संलग्न गराइएको छ।

पहिलो पुस्ता ( हजुरआमा पुस्ता ) ७० वर्ष माथिका, अशिक्षित वृद्ध महिला

दोस्रो पुस्ता ( आमा पुस्ता) ४५ देखी ५५ वर्ष नाघेका, साक्षर महिला

तेस्रो पुस्ता ( छोरी पुस्ता ) २० वर्षदेखी ३० वर्ष बिचको उमेरका, उच्चशिक्षा हासिल गरेको पुस्ता

## नतिजा र विमर्श

यस अनुसन्धानको तथ्याङ्कहरूबाट प्राप्त जानकारी र सो तथ्यको विश्लेषण तीन भागमा विभाजित गरेर प्रस्तुत गरिएको छ। 'आर्थिक पक्ष तथा महिला सशक्तीकरण', 'शैक्षिक पक्ष र महिला सशक्तीकरण' तथा 'निर्णय क्षमता र महिला सशक्तीकरण' भन्ने शीर्षक दिई प्रत्येकमा तीन पुस्ताका महिलाको अवस्थालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको हो।

## आर्थिक पक्ष र महिला सशक्तीकरण

विश्वव्यापी रूपमा लैङ्गिक समानतालाई सामाजिक रूपान्तरणको महत्त्वपूर्ण आधारका रूपमा लिइन्छ र महिलाको आर्थिक सशक्तीकरण लैङ्गिक समानताको लक्ष्य हासिल गर्ने प्रमुख माध्यम हो ( Breitkreuz & Baird, 2025, pp. 1) । महिला सशक्तीकरण भन्नाले आयमूलक कार्यमा महिलाको सहभागिता, जीविकोपार्जनका लागि उनीहरूले गर्ने कमाईको हिस्सा र त्यसबाट घरपरिवारलाई पुग्ने आर्थिक सहायताको रूपमा बुझ्न सकिन्छ जसले महिलालाई परिवारमा सम्मानपूर्वक बाँच्ने वातावरण बनाओस् । यसमा महिलाले पाउने रोजगारीको अवसर, समान कामका लागि समान ज्याला, आफ्नो कमाई आफूले चाहेको जसरी खर्च गर्न पाउने अधिकार, सम्पत्तिमा महिलाको स्वामित्व, घरपरिवारमै आर्थिक निर्णयको अधिकार आदि पर्दछन्। महिलाको आर्थिक सशक्तीकरण भन्नाले महिलाहरूले आफ्नो जीविकोपार्जन र स्वतन्त्रताका निम्ति आर्थिक स्रोतसाधनमा समान पहुँच, अर्थतन्त्रमा समान अवसर र आर्थिक निर्णयमा समान अधिकार भन्ने बुझिन्छ । नेपालको श्रमक्षेत्रमा महिलाको सहभागिता २७.६५% रहेको छ (The Global Economy, 2024) ।

अध्ययनमा सम्मिलित पहिलो पुस्ताका सबै महिलाहरूको आयआर्जनको स्रोत खेतीपाती र पशुपालन

थियो। त्यो बेला महिलाको हातमा केही नरहने कुरा सबै जनाले बताउनुभयो। 'हाम्रो पालामा त पैसा देख्न मुस्किल हुन्थ्यो, अन्नपात, घिउ, वस्तुबाख्रा बेचेको पैसा बुढाले नै राख्थे। लुगाफाटो, नुनतेल उनैले ल्याउँथे , मेरो कमाइ भनेको त यही भत्ताको पैसा हो' सरकारले दिने वृद्धभत्ताको प्रसङ्ग कोट्याउँदै एक जना हजुरआमाले भन्नुभयो । उहाँहरूले आर्थिक स्वतन्त्रताको अनुभव गर्न नपाए पनि आर्थिक रूपमा आफैँ बलियो हुँदा हुने फाइदाबारे जानकार हुनुहुन्छ। पेवापातको पैसा पनि घरखर्चमै खर्चिनुपर्ने समयमा परिवार धान्नु भएका आमाहरूसँग आर्थिक स्वतन्त्रता र आर्थिक निर्णयक्षमता थिएन । घरकाले जे दिन्छन् त्यही खाने र जे ल्याइदिन्छन् त्यही लगाउने जमानाको हुनुहुन्थ्यो उहाँहरू । आफ्ना छोरीबुहारीले कमाइ गरेको देख्दा खुसी लाग्ने बताउँदै आमाहरू भन्नुहुन्छ, "अहिलेकै जमाना ठिक छ, कमाएका छन्, आफ्नो कमाई छ भने जति खर्च गरे पनि भयो ।" उहाँहरूले आर्थिक स्वतन्त्रताको अनुभव गर्न नपाइए पनि आर्थिक रूपमा आफैँ बलियो हुँदा हुने फाइदाबारे जानकार हुनुहुन्छ। दोस्रो पुस्ताका महिलाहरूमा नियमित आय हुने तीन जना र अनियमित आयस्रोत भएका महिलाहरू दुई जना हुनुहुन्थ्यो। सानो पसल व्यवसाय गर्ने, सहकारीमा पैसा उठाउने, महिला स्वास्थ्य स्वयम् सेविका, शिक्षिका र कृषक गरी पाँच जना यस पुस्ताका महिलाहरू अनुसन्धानमा सहभागी थिए। यी सबै महिलाहरू कृषिमा पनि संलग्न छन् । 'आफ्नो नियमित कमाई छैन । तर म बाख्रा / कुखुरा पाल्छु । तरकारी फलफूल लगाउँछु । उब्रिएको बेच्छु। खाना लाउन अरूसँग हात थाप्नु पर्दैन'। पहिलो पुस्ताबाट दोस्रो पुस्तामा आर्थिक परनिर्भरता भित्रिएन, कृषि कार्यमा मात्र संलग्न भए पनि मैले पनि काम गरेको छु र कमाउँछु भन्ने सोचको निर्माण भयो । आर्थिक सवालमा विकसित भएको यो सोच आर्थिक सशक्तीकरणको उदाहरण हो।

महिलाहरू सहकारी, आमासमूह जस्ता गाउँठाउँका समूहमा आबद्ध छन्। यसले उनिहरूलाई सामूहिक रूपमा जागरुक त बनाएको छ नै साथसाथै नियमित बचतसमेत गर्न सिकाएको छ। ऋण लिन सजिलो हुने, आयव्ययको हिसाब राख्न कर्मचारी चाहिने भएकाले पनि महिलाहरूले यसबाट फाइदा पाएका छन् । यो अनुसन्धानमा सहभागी एक जना महिला सहकारीमा पैसा उठाउने र बचत गराउने काम गर्नुहुन्थ्यो । अन्य महिलाले कृषि सहकारीबाट ऋण लिएर तरकारी खेती गर्ने, बाख्राकुखुरा पाल्ने गर्नुभएको थियो । बेलामौकामा यस्ता संस्थाले दिने तालिमबाट पनि महिलाहरू लाभान्वित थिए साथसाथै उनीहरूको गतिशिलता र चेतनापनि अभिवृद्धि भएको थियो । तेस्रो पुस्ताका महिलाहरूमा जम्मा दुई जना मात्रै आर्थिक आयआर्जन हुने काममा संलग्न हुनुहुन्थ्यो। 'आर्थिक रूपमा स्वाबलम्बि हुँदा फाइदै फाइदा हुन्छ नि, जिन्दगी जिन्दगी जस्तो हुन्छ, मन लागेको काममा खर्च गर्न पाइन्छ, आवश्यक काममा आफ्नै कमाइ खर्च गर्न ढुक्क हुन्छ' तेस्रो पुस्ताकी जागिर खोजिरहेकी एक महिलाको भनाइ। आफ्नै कमाई हुने यो पुस्ताले कमाएको पैसा आफ्नो र भाइबहिनीको पढाइमा खर्चिँदै आएको छ, परेको बेला घरमा पनि सरसहयोग गर्छ। आफ्नो कमाइ नहुनेहरू पनि आयआर्जनमूलक सीप सिक्दै, जागिर खोज्दै स्वाबलम्बी हुने प्रयासमा छन्।

पहिलो पुस्ताका हजुरआमाहरू पूर्ण रूपले आर्थिक रूपमा परनिर्भर थिए । घरेलु अवैतनिक श्रममा जीवन बिताएका आमाहरूको हातमा पैसा पर्दैनथ्यो, हामी पनि कमाउँथ्यौँ भन्ने सोचाइसमेत उहाँहरूमा थिएन । घरको आर्थिक निर्णयमा उहाँहरूको अधिकार थिएन। तर दोस्रो पुस्ता सक्रिय रूपले आर्थिक उपार्जनमा लागेको छ। दोस्रो पुस्ताकै महिला जो अवैतनिक घरेलु कृषिकार्यमा सहभागी महिला 'म पनि कमाउँछु' भन्दै हिसाब गरिरहेका थिए। उनीहरू घरपरिवार चलाउन आर्थिक रूपमा सशक्त देखिन्छन्। पहिलो पुस्ताका महिलाहरू आफ्ना बुहारी, नातिनीले कमाएको देख्दा खुसी देखिन्छन्। दोस्रो र तेस्रो पुस्ताका महिला पनि आर्थिकरूपले स्वाबलम्बी हुनुपर्छ, अरूको अगाडि हात थाप्नुहुन्न भन्नेमा एकमत छन् । तर आर्थिक रूपमा कमाइ गरेर सशक्त देखिए तापनि महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व देखिएको छैन । यसले के देखाउँछ भने आर्थिक रूपमा महिलाहरू सशक्त रूपमा अगाडि आए पनि नेपालजस्तो विकसित देशमा सम्पत्तिको

स्वामित्व नहुनुले महिलाहरूको आर्थिक हैसियत पुरुषको तुलनामा अझै कमजोर रहेको देखाउँछ । नेपालको संविधानले 'पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ' (नेपालको संविधान, २०७२) भने पनि सो अधिकार लिएका र लिन चाहने कोही देखिनु भएन।

यसले के देखाउँछ भने पहिलो पुस्ताबाट तेस्रो पुस्तासम्म आइपुग्दा महिलाहरू आर्थिक रूपमा सबल देखिएका छन् तर अझै महिलाको आर्थिक सशक्तीकरण सङ्क्रमणकालीन अवस्थामा छ। कानुनले स्पस्ट रूपमा दिएको अधिकार लिनका लागि सामाजिक संरचनात्मक अवरोधहरू रहेका छन्। नैला कबिरका अनुसार आर्थिक अवस्थामा सुधार र स्रोतहरूमा पहुँचले महिलाहरूलाई घरपरिवारभित्र निर्णयको क्षमतालाई बढाउँछ। तथ्याङ्कले पुष्टि गर्छ कि वित्तीय स्वतन्त्रताले महिलाहरूलाई परिवारभित्रको निर्णय क्षमतामा सबल बनाएको छ यद्यपि कबीर स्वयम्ले उदाहरण दिँदै भन्छिन् कि भूमिमा केही अधिकार भएका क्षेत्रहरूमा महिलाहरूले बढी स्वतन्त्रता प्रयोग गर्ने सम्भावना रहेको छ ( कबिर, १९९९, पृ ४४४)। अध्ययनमा संलग्न महिलाहरूको सम्पत्तिमाथि अधिकार नदेखिइकाले उनीहरू आर्थिक रूपमा सबल हुँदाहुँदै स्वतन्त्र छन् भन्न सकिँदैन। यद्यपि आर्थिक संसाधनमा महिलाको पहुँच पुस्तागत रूपमा फरक पाइयो। तर जब उनीहरूको त्यसमा पहुँच बढ्यो, आर्थिक पक्षले शैक्षिक पक्ष र निर्णय क्षमतामा समेत प्रभाव पारेको देखाउँछ। पुस्ता परिवर्तनसँगै महिलाहरूको आर्थिक हैसियत वृद्धि भइरहेको देखिन्छ।

## *शैक्षिक पक्ष र महिला सशक्तीकरण*

महिला सशक्तीकरणको सबैभन्दा प्रभावकारी माध्यम शिक्षा हो, जसले उनीहरूलाई आफ्नो निर्णय आफैँ लिन आवश्यक पर्ने जानकारी, क्षमता र आत्म–आश्वासन दिन्छ (Chandra, 2025, pp. 1-8) । यसर्थ महिला शिक्षा मानव अधिकार हो र सामाजिक र आर्थिक रूपान्तरणको लागि एक शक्तिशाली साधन हो। अनुसन्धानमा सहभागी पहिलो पुस्ताका सबै महिलाहरू निरक्षर थिए। 'छोरीलाई पढाउने जमाना थिएन', 'पढाइ भनेको के हो थाहै थिएन' भन्नेमा यो पुस्ताका सबै महिला एकमत थिए र उनीहरूको विवाह पनि सानै उमेरमा भएको थियो । पितृसत्तात्मक समाज व्यवस्थाले त्यतिबेला छोरीहरूलाई सानै उमेरमा विवाह गरेर पुण्य कमाउने ध्येय राख्थ्यो र यो अनुसन्धानमा सहभागी सबै महिलाहरू त्यही जमानाको हुनुहुन्थ्यो । अनुसन्धानमा सहभागी पहिलो पुस्ताका सबै महिलाको विवाह महिनावारी हुनुअगावै भएको थियो जसले यो कुरा पुष्टि गर्छ । परिवारको कमजोर आर्थिक स्तर, गरिबी विद्यालय पहुँचमा नहुनु, शिक्षाको कम महत्त्व र सामाजिक धार्मिक रूपमा गढेर बसेको लैङ्गिक असमानताले गर्दा यो पुस्ताका महिलाहरू शैक्षिक वञ्चितिकरणमा परे । दोस्रो पुस्ताका सबै अनुसन्धानमा सहभागी महिलाहरूले औपचारिक शिक्षा हासिल गर्ने अवसर पाए तापनि एक जनाबाहेक कसैले पनि विद्यालयस्तर अथवा SLC भन्दा माथिको शिक्षा आर्जन गर्ने अवसर प्राप्त गर्न सकेनन् । पढ्न त मन थियो, 'आठ कक्षा पढ्दापढ्दै बिहे भैहाल्यो, नानी जन्मिएपछि केको पढाइ ?' सहभागीमध्ये एक जनाले अनुभव बाँड्नुभयो। परिवारको आर्थिक अवस्था कमजोर हुनु, भाइबहिनीको हेरचाहका लागि अन्य कोही नहुनु, घरेलु कामकाजमा सहयोग गर्दै पढ्नुपर्ने हुनाले पढाइमा राम्रो गर्न नसक्नु, फेल हुनु आदि कारणले यी पुस्ताका महिलाले पनि औपचारिक शिक्षाबाट पछि हट्नुपर्यो। तेस्रो पुस्ताका महिलाहरू सबै उच्चशिक्षा अध्ययनरत थिए । 'मेरो बुवाआमाले धेरै पढ्नु भएको छैन, मेरो घरबाट विश्वविद्यालय जाने म पहिलो सदस्य हुँ' एक जना तेस्रो पुस्ताले खुसिसाथ आफ्नो अनुभव बाँड्नुभयो। यो पुस्ताका सबैको आफूले पढाइमा सहयोग पाएको, परिवारबाट प्रोत्साहन मिलेको र आफूले रुचाएको विषय नै पढेको भनाइ थियो।

शिक्षामा पहिलो पुस्ताको वञ्चितिकरणले गर्दा उनीहरूले आयआर्जनका कार्यमा सहभागी हुने र घरबाहिर काम गर्ने अवसर पाएनन्। तर दोस्रो पुस्ताका महिलाहरू साक्षर भएकाले र औपचारिक शिक्षा पाएकाले, सिपमूलक काम र व्यवसाय गर्दै आफूलाई आर्थिक रूपमा सबल बनाइरहेका थिए। तेस्रो पुस्ता शैक्षिक क्षेत्रमा पहिलो दुई

पुस्ताभन्दा अगाडि देखियो। उनीहरू देशभित्र मात्र नभई देशबाहिर पनि आर्थिक र शैक्षिक अवसर खोज्ने कार्यमा अग्रसर देखिएका छन्। शिक्षाले महिलाहरूलाई सशक्त बनाउँदै घरपरिवारमा उनीहरूको सम्मानित स्थान निर्माण गर्ने कुरालाई यो तथ्याङ्कले पुष्टि गर्छ। शिक्षा क्षेत्रमा पुस्तागत महिला सशक्तीकरण 'छोरीलाई पढाउने जमाना नै थिएन त्यो' बाट 'छोरीलाई पढाउनुपर्छ' भन्ने समयसम्म आइपुगेको छ।

काविरको ढाँचाअनुसार विश्लेषण गर्दा शिक्षाको अवसरबाट वञ्चित हजुरआमा पुस्ता शिक्षामा वञ्चितिकरणमा परेकै कारणले आत्मविश्वास र चेतनामा कमी रहेको प्रस्ट देख्न पाइन्छ, जसको फलस्वरूप दोस्रो पुस्ताको औपचारिक शिक्षामा असर परेको हो भन्न सकिने आधार छन्। दोस्रो पुस्ताको थोरबहुत औपचारिक शिक्षाको असर तेस्रो पुस्ताको शिक्षा प्राप्तिमा देखापरेको छ। आफ्ना सन्तानलाई पढ्न दिनुपर्छ र पढ्ने वातावरण बनाइदिनुपर्छ भन्नेमा यो पुस्ताका आमाहरू सचेत छन्। शिक्षामा महिला सहभागिता र उनीहरूको पहुँचले निर्णयक्षमता वृद्धि भएको तथ्य उजागर भएको छ।

## *निर्णय क्षमता र महिला सशक्तीकरण*

महिला सशक्तीकरण महिलाहरूको आत्मनिर्णयको क्षमता विकास र पारिवारिक, सामाजिक र राष्ट्रिय स्तरमै नीतिनिर्माण तथा निर्णय प्रक्रियामा महिलाको समान सहभागीता विना सम्भव हुन सक्दैन। राज्यका संरचनामा महिलाको ३३% सहभागिता सुनिश्चित गरेर समानतातर्फ पाइला चाले पनि घरपरिवारमा निर्णय क्षमता कस्तो छ भनेर अध्ययन हुनु महत्त्वपूर्ण छ। किनकि सशक्तीकरणको प्रमुख प्रभाव पर्नुपर्ने ठाउँ परिवार हो।

प्रस्तुत अध्ययनमा सहभागी पहिलो पुस्ताका महिलाहरूको बालविवाह भएका कारणले आफ्नो विवाहमा उनीहरूको कुनै निर्णय थिएन। छोरा जन्माउनैपर्ने बाध्यतामा बाँचेका यी पुस्ताका महिलाहरूमा छोराछोरी जन्माउने कि नजन्माउने, जन्माए कति जन्माउने भन्नेजस्ता आफूसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयमा समेत कुनै धारणा भएको पाइएन। छोराछोरीको शिक्षादीक्षामा उनीहरूको रायसल्लाह लिएको थिएन। 'छोरी त फलानालाई दिएँ भनेर सुनाका हुन्, छोराको बिहेमा चाहिँ कोसँग बिहे गर्दिने होला भनेर सोधेका थिए' पारिवारिक, वैबाहिक सम्बन्धको निर्णय प्रक्रियामा आफ्नो भूमिकाबारे बताउँदै सहभागी आमाले सुनाउनुभयो। खुल्ला रूपमा हिँड्न नपाउने, जाने ठाउँ पनि उस्तो नहुँदा चाडपर्वमा माइतमावल र कहिलेकाहीँ हाटबजारसम्म मात्र पुगेर यो पुस्ताको गतिशीलता सकिएको देखिन्छ। आफू स्वतन्त्र मान्छे हुँ भन्ने कुराको कुनै हेक्का नराख्ने यी पुस्ताका आमाहरू आफ्नो श्रीमान र परिवारसँगै आफ्नो अस्तित्वलाई जोडेर बसिरहे। पराधीन अवस्थामा रहेका यी पुस्ताका महिलाहरूमा स्वायत्तताको स्थिति थिएन। दोस्रो पुस्ताका सबै महिलाको मागी विवाह नै भए पनि विवाहमा उनीहरूसँग सिमित रायसल्लाह र छनौटको छुट दिइएको पाइयो। तथापि परिवारको निर्णय नै प्रमुख रहेको थियो। पछि आम्दानीमूलक काममा, आफूले के गर्ने, कुन सिप सिक्ने, तालिम लिनेजस्तो कुरामा पारिवारिक सल्लाह लिएर उनीहरूले निर्णय गर्ने गरेको पाइएको छ। छोराको महत्त्व अहिले पनि पहिलो पुस्ताकै हाराहारीमा रहेको पाइन्छ। यद्यपि छोरा जन्मिेपछि परिवार नियोजन गरेकाहरू यो पुस्तामा भेटिए। सन्तानको लालनपालन र शिक्षादीक्षामा गाऱ्हो हुने कारणले यो पुस्ता सानो परिवार बनाउनै उद्यत रहेको देखियो। छोरा नभएकी एक जना महिलाले चार जना छोरी जन्मिएपछि ठुलो परिवार धान्न गाह्रो हुने भएकाले श्रीमानसँगको सल्लाहमा आफैँले परिवार नियोजन गरेको बताउनुभयो।

नायला कबिरले महिलाको निर्णय क्षमताको सवालमा क्षेत्रगत रूपमा नेपाललाई हेर्दा नेपाली महिलाहरूको भान्साको निर्णय, घरबाहिरको आयमूलक काममा उनीहरूको सहभागीता, बच्चा जन्माउने निर्णय र आर्थिक लेनदेनमा महिलाको हैसियतलाई प्रमुख उदाहरणका रूपमा लिएकी थिइन्, जसमध्ये तिनोटामा यो अनुसन्धानले अध्ययन गरेको थियो। पहिलो पुस्ताका महिलाहरूको निर्णय प्रक्रियामा लगभग शून्य सहभागी देखियो। उनिहरूले खासै यो अधिकार पाएनन्। दोस्रो पुस्ताका महिलाहरू घरपरिवारसँगको

सल्लाह लिएर निर्णय गरिरहेका थिए। विवाह, बच्चा, आर्थिक लेनदेन आदिमा उनीहरूले एकल निर्णय गरिहाल्न सकेनन्। तर यस्ता कुरामा परिवारको निर्णयलाई असर पार्न सक्ने हैसियतको निर्माण भएको पाइयो।

अध्ययनमा सहभागी तेस्रो पुस्ताका सबै महिलाहरू अविवाहित थिए। विवाह आफूलाई ठिक लागेपछि, सक्षम भएपछि आफूले रोजेको मान्छेसँग गर्न पाउनुपर्छ भन्नेमा उनीहरू सबै सहमत थिए। शैक्षिक र पेशागत निर्णयको अधिकार पनि उनीहरूमा रहेको छ। यो पुस्ता निकै गतिशील देखिन्छ। सामाजिक, राजनीतिक कुरामा चासो दिने यो पुस्ता महिला हिंसा, भेदभाव आदि विषयमा बढी चिन्तित र सचेत भएर उभिरहेका छन्। आफ्ना मुद्दाहरूमा चासो दिने, बोल्ने, लेख्ने यो पुस्ता अन्य दुई पुस्ताको तुलनामा बढी सशक्त छ। 'तपाइँ आफूलाई स्वतन्त्र छु भन्ने मान्नुहुन्छ कि मान्नुहुन्न?' भन्ने अनुसन्धानदाताको प्रश्नमा यो पुस्ताका महिलाले आफूलाई कहिलेकाहीँ पूर्ण रूपमा स्वतन्त्र महसुस गरे पनि सधैँ स्वतन्त्र छु भनेर भन्न नसक्ने जवाफ दिनुभयो। शिक्षाको कुरा गर्दा आफूले के पढ्ने, कहाँ पढ्ने भन्ने कुरामा परिवारको आर्थिक स्थितिलाई ध्यानमा राख्दै निर्णय गर्न स्वतन्त्र रहे पनि प्रेम, विवाहजस्ता कुरामा परिवारको धारणा पनि समावेश गर्नुपर्नेमा उनीहरू एकमत थिए। जीवनसाथी आफैँले रोजे पनि परिवारको सल्लाह लिनुपर्ने र नमानेको खण्डमा परिवारलाई मनाएर मात्रै अघि बढ्नुपर्ने धारणा उनीहरूको थियो। सन्तानको सवालमा विवाहपछि बच्चा चाहिन्छ भन्नेमा पनि उनीहरू आश्वस्त थिए। दिनभरि आफूले रुचाएको काम गर्न छुट भए तापनि समयमै घर फर्किनुपर्ने र ढिलो हुँदा घरमा जानकारी गराउनुपर्ने कुरा उनीहरूले बताएका थिए।

स्वायत्ततामहिला सशक्तीकरणको प्रमुख पक्ष हो। आत्मनिर्णयको क्षमता विकसित नभै महिला सशक्तीकरण भयो भन्न सकिँदैन। किनकि शिक्षा, स्वास्थ्य, आर्थिक आयआर्जनमा पहुँच हुनु मात्र महिला सशक्तीकरण हुनु होइन। आफ्ना आवाजहरूलाई बुलन्द पार्ने, आफ्नो निर्णय आफैँ लिने, घरपरिवारको निर्णय प्रक्रियामा समावेश हुने, राष्ट्रियस्तरमा महिलाको आवाज र माग सुनिने बनाउनु नै महिला सशक्तीकरणको उद्देश्य हो। यो उद्देश्यमा पुस्तान्तरसँगै सकारात्मक परिवर्तन आएको देखिएको छ। पुस्तागत विश्लेषण गर्दा महिलाको निर्णय क्षमतामा परिवार र पुरुष सदस्यले जे भन्छन् त्यही मान्नुपर्ने बाध्यात्मक अवस्थाबाट आफ्नो शिक्षा, पेशसव्यवसाय, विवाह, सन्तान उत्पादनजस्ता विषयमा परिवारसँग छलफल गरी निर्णय लिने र पछिल्लो पुस्तामा त शिक्षा, पेशा आदिमा आफैँले निर्णय गर्ने अवस्था देखिएको छ। नायला कविरकै अनुसार महिलाहरूले अर्थव्यवस्थामा संलग्न भएर शिक्षाको अवसर पाएरै आज स्वनिर्णयको अधिकार अनुभूत गरिरहेका छन्। तथ्याङ्कले महिला सशक्तीकरण उपलब्ध स्रोतसाधनमा महिलाको पहुँचको कुरा मात्र नभई जीवन जिउने तरिकाको स्वतन्त्र छनौट पनि हो भन्ने धारणालाई यो अध्ययनले पुष्टि गरेको छ।

आर्थिक र शैक्षिक उपलब्धिले महिलाहरूलाई केही स्वतन्त्रता अवश्य दिएको छ। तर यतिमै उनीहरू स्वायत्त छन् भनेर भन्न सकिन्न। स्वायत्तता भनेको आफ्नो निर्णय आफैँले गर्न पाउने, अरूले त्यसमा हस्तक्षेप गर्न नपाउने, आत्मनिर्भर हुने अवस्था हो। अध्ययनले देखाएअनुसार महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर भए पनि उनीहरूको गतिशिलता र निर्णय क्षमतामा अझै स्वतन्त्रता आइसकेको छैन। तेस्रो पुस्तासमेत कहिलेकाहीँ स्वतन्त्रता महसुस भए पनि पूर्ण रूपमा स्वतन्त्र नरहेको, परिवारको कुरा मान्नुपर्ने वा परिवारलाई मनाउनुपर्ने स्थितिमा छन् अर्थात् उनीहरूको जिन्दगीमा जुनसुकै बेला परिवार हाबी भएर महत्त्वपूर्ण निर्णय लिइदिन सक्छ। अध्ययनले पुस्तागत रूपमा हेर्दा महिलाहरू आफ्नो परिवार र समाजले दिएको सापेक्षित स्वायत्तताको आनन्द लिइरहेको देखाउँछ।

## *निष्कर्ष*

यस अनुसन्धानले महिला सशक्तीकरणमा पुस्तान्तरणको अध्ययन गर्न विभिन्न पुस्ताका महिलाहरूको संसाधनमा पहुँच, शिक्षामा अवसर र यसले निर्णय क्षमतामा पारेको प्रभावको अध्ययन तथा विश्लेषण गरेको थियो। नेपालमा महिला सशक्तीकरणको अवस्थामा पुस्तान्तरणसँगै परिवर्तन आएको देखाउँछ। यस अध्ययनको निष्कर्षले

महिलाहरूको आर्थिक, शैक्षिक र निर्णय प्रक्रियालाई हेर्दा सबै क्षेत्रमा अघिल्लो पुस्ताभन्दा पछिल्लो पुस्तामा महिला सशक्तीकरणको स्थिति सुधारोन्मुख देखिन्छ। नेपालमा महिला सशक्तीकरण सकारात्मक दिशामा लम्किरहेको छ। महिलाहरूको स्रोतसाधनमा पहुँच विस्तारित भएसँगै उनीहरूको शैक्षिक स्तरको अवसर बढिरहे पनि महिलाहरूले स्वतन्त्रताको प्रत्याभूति र आत्मनिर्णयको अधिकार पाएका छैनन्। यद्यपि पुस्तागत रूपमा हेर्दा निर्णय क्षमतामा पनि परिवर्तन आएको छ। नेपालमा महिला सशक्तीकरणको पुस्तागत प्रभावलाई हेर्दा प्रगतिउन्मुख देखिन्छ। पहिलो अशिक्षित, पूर्ण रूपमा परनिर्भर, आर्थिक संसाधनमा पहुँच नभएको र घरायसी निर्णयमा समेत न्यून उपस्थिति जनाउने हजुरआमा पुस्ताबाट नातिनी पुस्तासम्म आइपुग्दा सशक्तीकरणका हरेक आयामहरूमा महिलाहरूको बलियो उपस्थिति र प्रभाव रहेको देखिन्छ। दोस्रो पुस्ताका महिलाहरूले पहिलो पुस्ता र तेस्रो पुस्तालाई जोड्ने कडीका रूपमा काम गरिरहेका छन्। औपचारिक शिक्षा पाएका, आफ्नो कमाई भएका यो पुस्ताका महिलाहरू घरायसी र केही समाजस्तरका निर्णय प्रक्रियामा समेत सहभागी हुन्छन्। सबै कुरामा पारिवारिक सल्लाह गरेर अघि बढे पनि, उनीहरू परिवारलाई आर्थिक रूपमा सहयोग गर्दै, पारिवारिक निर्णयमा अहम भूमिका निभाइरहेका देखिन्छन्। तेस्रो पुस्तामा महिला सशक्तीकरणको प्रभाव व्यापक रूपमा देखिएको छ। शैक्षिक रूपमा राम्रो अवसर पाएको यो पुस्ता, आर्थिक उपार्जन गर्नुपर्छ, स्वतन्त्र भएर बाँच्नुपर्छ, आफ्नो जिन्दगीका निर्णयहरू आफैँले गर्नुपर्छ भन्नेमा अडिग छ। शिक्षाको प्रभावले गर्दा यो पुस्ताका महिलाहरू सचेत, जागरुक र सशक्त छन्। राजनीतिक रूपमा सचेत, सामाजिक रूपमा जागरुक र महिला हिंसाका बारेमा खुलेर कुरा गर्ने, आवाज उठाउने यो पुस्ता परीवर्तनशील समयलाई पछ्याउँदै समान अधिकार र निजत्व प्राप्तिका लागि लालायित छ। सशक्तीकरामा पुस्तान्तरणलाई हेर्दा राम्रो उपलब्धि भए तापनि यो पर्याप्त छैन। उनीहरू अर्थोपार्जनमा संलग्न भए पनि सम्पत्तिमा समान हक स्थापित छैन, कानुनले दिएको अधिकारबाट समेत उनीहरू वञ्चित छन्। सामाजिक नियम र देशको कानुनबिचको भिन्नताले गर्दा समाजिक कानुन नै मानेर उनीहरू बस्न बाध्य छन्। स्वनिर्णय र स्वायत्तताको अधिकार पूर्ण उपयोग गर्न पाएका छैनन्। यसका लागि महिला सशक्तीकरणका नयाँ आयामहरूमा काम हुनु जरुरी देखिन्छ।

## *सन्दर्भ सामग्रीसूची*


ओझा, मीना (२०१०). *नेपालका महिला आन्दोलनको इतिहास र वर्तमान अवस्था.* काठमाडौँ : त्रिभुवन विश्वविद्यालय जर्नल. (भाग२७) पृ. २०३–२०८।

कार्की, सुशीला (२०८१). *महिलावाद.* काठमाडौँ : पैरवी प्रकाशन प्रा. लि

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

नेपाल प्रहरी. (२०८१–२०८२). *लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र.* काठमाडौँ : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय।

Breitkreuz, R., & Baird, M. (2025). *Women's economic empowerment: A global pathway to gender equality? The Economic and Labour Relations Review.* 36(2), 1–19. https://doi.org/10.1017/elr.2025.10027

Chandra, A. (2025). 'The role of education in women's empowerment: Transforming societies through knowledge'. *International Journal of Innovations & Research Analysis.* 5(1), 1–8.

Engels, F. (2004). *The origin of the family, private property and the state.* Penguin Classics

Holloway, I. (1997). *Basic concepts for qualitative research.* Wiley-Blackwell.

Kabeer, N. (2005). *Gender equality and women's empowerment: A critical analysis of the third millennium development goal. Gender & Development.* 13(1), 13–24. https://doi.org/10.1080/13552070512331332273

Lerner, G. (1986). *The Creation of Patriarchy.* New York: Oxford University Press.

Maiti, S. (Ed.). (2016). *Women empowerment and development: Readings from Asia.* Rawat Publications.

Reshi, I. A., & Sudha, T. (2022). 'Women empowerment: A literature review'. *International Journal of Economic Business Accounting Agriculture Management and Sharia Administration.* (IJEBAS). 2(6), 1353–1359. https://doi.org/10.54443/ijebas.v2i6.753

Sen, A. (1999). *Development as freedom.* Oxford University Press.

TheGlobal Economy.com. (2024). Nepal: Labor force, percent female. https://www.theglobaleconomy.com/nepal/Labor_force_percent_female

United Nations. (1995). *Report of the Fourth World Conference on Women* (Beijing, 4–15 September 1995). United Nations.